देवताल गाउँपालिका

# स्थानीय राजपत्र

भागः १ खण्डः ९ संख्याः ३ मितिः २०८२/०४/१८

## देवताल नगर प्रहरी सम्बन्धी ऐन, २०८२

# देवताल नगर प्रहरी सम्बन्धी ऐन, २०८२

**प्रस्तावनाः**

देवताल गाउँपालिकामा कानून शासन स्थापित गर्दै नागरिकलाई न्याय, सुरक्षा तथा व्यवस्थाको प्रत्याभूती गर्न नागरिकको जीउ धनको सुरक्षा गर्नको निम्ति गाउँवासीलाई स्थानीय सरकारको अनुभूती प्रदान गर्नको लागि नगर प्रहरीको गठन, संचालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा ५७(४) र २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(१) बमोजिम देवताल गाउँपालिकाको १४औं गाउँ सभाले यो ऐन बनाई कार्यान्वयनमा ल्याएको छ।

परिच्छेद १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यस ऐनको नाम "देवताल नगर प्रहरी सम्वन्धी ऐन, २०८२ रहेको छ।

(ख) यो ऐन देवताल गाउँपालिकाको गाउँसभाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखी लागू हुने छ।

२. परिभाषाः विषय वा प्रशङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

ख) "गाउँपालिका" भन्नाले देवताल गाउँपालिकालाई सम्झनु पर्छ।

ग) "कार्यालय" भन्नाले देवताल गाउँपालिकाको कार्यलयलाई सम्झनु पर्छ।

घ) "समिति" भन्नाले देवताल गाउँपालिकाको यस ऐन बमोजिम गठित पदपुर्ति समितिलाई सम्झनु पर्छ।

ङ) "नगर प्रहरी" भन्नाले देवताल गाउँपालिकाबाट नियुक्त सम्पूर्ण तहका नगर प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ।

च) "भत्ता" भन्नाले देवताल गाउँपालिकाले समय समयमा तोकिदिय बमोजिमको भत्तालाई सम्झनु पर्दछ ।

छ) "आर्थिक वर्ष" भन्नाले श्रावन १ गते देखी शुरु भई असार मसान्त सम्मको १ वर्षको समय अवधिलाई सम्झनु पर्छ।



कृष्ण नन्दन राय
प्रमुख प्रशासकिय अधिकृत

ज) "कार्यपालिका" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गठन हुने गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

झ) "अध्यक्ष" भन्नाले गाउँपालिका अध्यक्ष सम्झनु पर्दछ।

ञ) "उपाध्यक्ष" भन्नाले गाउँपालिका उपाध्यक्ष सम्झनु पर्दछ।

ट) "गाउँसभा" भन्नाले देवताल गाउँपालिकाको सभा सम्झनु पर्दछ।

ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नेपाल सरकार द्वारा प्रमुख प्रशासकीय अधिकृतको रुपमा देवताल गाउँपालिकामा काम काज गर्न खटाइएको अधिकृतलाई सम्झनु पर्दछ।

ड) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले गाउँकार्यपालिकाले समय समयमा निर्णय गरी तोकिए बमोजिमको बमोजिम सम्झनु पर्दछ ।

ढ) "जवान" भन्नाले देवताल गाउँपालिकाले नगर प्रहरी पदमा नियुक्ति गरेको नगर प्रहरी जवानलाई सम्झनु पर्दछ।

ण) "प्रहरी ऐन" भन्नाले गाउँसभाले स्वीकृत गरेको देवताल नगर प्रहरी सम्वन्धी ऐन, २०८२ लाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

**३. नगर प्रहरी सेवाको गठनः**

१) देवताल गाउँपालिकामा एक नगर प्रहरी सेवा रहनेछ। नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या यस ऐन बमोजिम हुनेछ।

२) नगर प्रहरीको रेखदेख, नियन्त्रण र निर्देशन दिने अधिकार गाउँपालिका अध्यक्ष/प्रमुख प्रशासकिय अधिकृतको हुनेछ। गाउँपालिका अध्यक्ष/प्रमुख प्रशासकिय अधिकृतको आदेश र निर्देशन पालन गर्नुपर्ने प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

## परिच्छेद ३

## नगर प्रहरी कर्मचारीको काम कर्तव्य र अधिकार

४. नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१) गाउँपालिकाको नीति, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड तथा निर्णयको कार्यन्वयन गर्ने।

२) गाउँपालिकाको नाममा रहेको चल अचल सम्पतिको सुरक्षा र संरक्षण गर्ने।



कृष्ण नन्दन राय
प्रमुख प्रशासकिय अधिकृत

३। स्थानीय स्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वमा आवश्यक सुरक्षाको प्रबन्ध मिलाउने।

४। स्थानीय हाटबजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्ने।

५। खानेपानी तथा सरसफाइ सम्बन्धी मापदण्ड कार्यन्वयनका लागी आवश्यक सम्पूर्ण कार्य गराउने।

६। न्यायिक समितिले गरेको मिलापत्र तथा निर्माण कार्यन्वयन गर्ने गराउने कार्यमा सहयोग गर्ने गराउने।

७। सार्वजनिक, ऐलानी र प्रति जग्गा सार्वजनिक र सामुदायीक भवन, धार्मिक तथा सास्कृति सम्पदा र भौतिक पूर्वधारहरुको सुरक्षा र संरक्षण गर्ने।

८। विपद व्यवस्थापन सम्बन्धी खोज, उद्धार राहत तथा पुर्नस्थापना सम्बन्धी कार्य गर्ने।

९। अनाधिकृत विज्ञापन तथा होडिङ बोर्ड नियन्त्रण र व्यवस्थापन गर्ने गराउने।

१०। छाडा चौपायाको नियन्त्रण तया व्यवस्थापन सम्बन्धी व्यवस्थापन गर्ने गराउने।

११। मापदण्ड विपरित अनाधिकृत रुपमा निर्माण गर्न लागेका सार्वजनिक सम्पतिको अतिक्रमण गरी बन्न लागेका संरचनाहरुको रोकथाम तथा नियन्त्रण गर्ने।

१२। सार्वजनिक आवगमनमा बाधा पुग्ने वा पुर्याई राखेका निर्माण सामाग्री, पसल लगायत अन्य व्यवसायबाट भएको अवरौद्ध हटाउन लगाउने। नमानेमा आफै हटाई र हटाउन लगाउने खर्च सम्बन्धीत व्यक्तिबाट असुल उपर गर्न पेश गर्ने।

१३। सार्वजनिक जग्गा, बाटो, पुल पुलेसा, मठ मन्दिर, ढल नाला, चौक, पोखरी, चौतारी, खोला मिचि कसैले घर कम्पाउन्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरिक्षण गर्ने। निर्माण देखिएमा निर्माण कार्य रोक्का गरी गाउँपालिका प्रमुख/प्रशासन शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने र भत्काउने आदेश भएमा भत्काउने।

१४। गाउँ क्षेत्रमा अनियमित्त रुपमा नक्सा पास नगरी र नक्सा पास गरी निर्माण भएका संरचनाहरुको विषयमा निर्देशन अनुसार गर्ने।

१५। जनस्वास्थ्यमा प्रतिकुल असर पार्ने, म्याद गुज्रेका वा गुणस्तरहिन खाद्य सामाग्रीहरुको विक्रि वितरण गरेको पाइएमा पहिलो पटक भए सामान जपत गरी गाडन लगाउने। पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ गाउँपालिकामा प्रतिवेदन पेश गर्ने।



कृष्ण नन्दन राय
प्रमुख प्रशासकिय अधिकृत

१६) जनस्वास्थ्य लाई प्रतिकुल असर पार्ने स्थानमा पशु पंक्षि जन्य बस्तुहरुको विक्रि वितरणमा रोक लगाउने र कसैले प्रचलित कानूनको प्रतिकुल हुने गरी पशु पंक्षिको बद गरेमा तत्काल कारवाहीको लागी गाउँपालिकामा प्रतिवेदन पेश गर्ने।

१७) गाउँपालिकामा रहेका भुस्याहा कुकुरको नियन्त्रण र मृत्यु भएको जिव जन्तुहरुको व्यवस्थापन गर्ने।

१८) गाउँ क्षेत्रमा रहेका खतरा जन्य घर पर्खाल, टहरा र रुख विरुवा कटान गर्नका लागी गाउँपालिकामा प्रतिवेदन पेश गर्ने।

१९) गाउँपालिकामा दर्ता नभई संचालनमा रहेका व्यापार व्यवसायीलाई दर्ता तथा नविकरण गरी गाउँको सम्बन्धमा अनुगमन गरी दर्ता तथा नविकरण गर्न लगाउने।

२०) गाउँपालिका भित्र प्रचलित कानून वा गाउँपालिकाको अनुमति बेगर राखिएका पोल व्यानर, विज्ञापन, होडिङ्गबोर्ड, पोष्टर, भिते लेखन लगाएतका सामाग्री पूर्णतया प्रतिबन्ध लगाउने।

२१) गाउँपालिकामा हुने सभा, सम्मेलन, समारोह, परम्परा, जात्रा, चाडं पर्वको सुरक्षा र व्यवस्थापन तथा तालिम लगाएतका कार्यमा आवश्यक शान्ति सुरक्षाको व्यवस्था मिलाउने।

२२) गाउँपालिका भित्र रहेका उधोग व्यापार व्यवसायहरुले प्रचलित कानून बमोजिम मूल्य सूची राखे नराखेको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्ने।

२३) गाउँपालिका भित्र संचालनमा रहेको होटेल, रेष्टुरेन्ट, गेष्टहाउस, व्यूटिपालर लगायतका व्यवसायहरु प्रचलित कानूनले तोकेको मापदण्ड अनुरुप भए नभएको अनुगमन गरी कानून विपरित संचालनमा रहेको पाइएमा कारवाहीको लागी गाउँपालिकामा सिफारिस गरिने।

२४) गाउँ क्षेत्रभित्र रहेका सार्वजनिक तथा निजी स्थानमा जादु क्रियाकलाप, जुवा तास खेल्ने र मदिराजन्य पर्दायको विक्री बितरणमा प्रचलित कानून अनुसार नियन्त्रण र व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने।

२५) सार्वजनिक स्थल लगायतका क्षेत्रलाई अरुलाई बाधा पुग्ने गरी लाउडस्पीकर, DJ, रेडियो लगायतका ध्वनी प्रदुषण गर्ने कार्यलाई नियन्त्रण गर्ने।

२६) गाउँपालिका क्षेत्रमा आइपर्ने दैनिक प्रकोप, महामारी लगाएतका विपद् व्यवस्थापनमा तत्काल खटी आवश्यक रोकथामको व्यवस्था गर्ने।

२७) वडा समिति, टोल सुधार समिति तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।



कृष्ण नन्दन राय
प्रमुख प्रशासकिय अधिकृत

२८) गाउँकार्यपालिका समिति, उपसमिति तथा आयोजनाहरुवाट लागु हुने नीति, निर्णय, नियम र कानून कार्यान्वयन गर्ने ।

२९) जाडँ, रक्सी तथा अन्य नसालु पदार्थ सेवन गरी समाजमा अशान्ति र विकृति फैलाउने व्यक्तिहरुलाई समुदायमा खटी रोकथामको व्यवस्था गर्ने।

३०). ईजाजत विना पेशा व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने ।

३१) गाउँपालिका वा समुदाय तथा संस्थाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन तालिम अभ्यास आदि जस्ता कार्यक्रममा गाउँपालिकाको तर्फवाट आवश्यक शान्ति सुरक्षाको व्यवस्था मिलाउने।

३२) नापतौलका सामाग्रीको चेकजाँच गर्ने, पसल व्यवसायमा मूल्य सूची राख्न लगाउने तथा चेक जाचँ गर्ने ।

३३) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने, मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।

३४) ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग संचालनमा रोक लगाउने ।

३५) वारुण यन्त्र /दमकल सेवालाई २४ सै घण्टा वृहत र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त कार्यमा सहयोग पु-याउने ।

३६) कृषि संग सम्वन्धीत नहर, कुलो, पैनीको संरक्षण र व्यवस्थापन गर्ने।

३७) कृषि विद्युतिकरण तथा सार्वजनिक कृषि /सिंचाई यन्त्रहरुको रेखदेख र व्यवस्थापन।

३८) गाउँपालिका अध्यक्ष /उपाध्यक्ष को सुरक्षाको जिम्मेवारी लिने।

३९) माथि तोकिए वमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारीलिई जवाफदेहिता समेत वहन गर्ने ।

४०) गाउँपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

## परिच्छेद-४
## तह विभाजन र पदपुर्ति

**५. नगर प्रहरीको दरबन्दी र सिर्जनाः** (१) गाउँपालिकामा रहने नगर प्रहरीको दरवन्दीको सिर्जना र खारेजी गाउँ सभाको निर्णय बमोजिम हुने छ।

(२) नगर प्रहरीको दरवन्दीको सिर्जना गर्दा त्यस्तो दरवन्दीमा रहने पदले गर्ने कार्य विवरण तयार गरी गाउँसभामा पेश गर्नु पर्ने छ।



कृष्ण नन्दन राय
प्रमुख प्रशासकिय अधिकृत

६. **नगर प्रहरीमा रहने पदहरू:** (१) नगर प्रहरीको देहाय बमोजिमका पदहरु रहने छन।

क) नगर प्रहरी सहायक निरिक्षक -१

ख) नगर प्रहरी बरिष्ठ हवलदार -१

ग) नगर प्रहरी हवलदार -१

घ) नगर प्रहरी जवान — ४०

ङ) नगर प्रहरी सहयोगी - ५

नगर प्रहरीको संख्या थप गर्ने आवश्यक भएमा गाउँ सभाले मात्र थप गर्न सक्नेछ।

७. **नगर प्रहरी नियुक्तिः** (१) नगर प्रहरीको नियुक्ति गर्न देहाय बमोजिम **"देवताल नगर प्रहरी पदपुर्ति समिति"** रहने छ।

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) गाउँपालिका भित्र रहेका सुरक्षा निकायका प्रमुख - सदस्य

ग) गाउँपालिका अध्यक्षले तोकेको एक जना कर्मचारी प्रतिनिधि -सदस्य

घ) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख - - सदस्य

ङ) गाउँपालिका प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम नगर प्रहरी नियुक्ति गर्दा खुल्ला प्रतियोगिता द्वारा गरिने छ। तर यस ऐनमा जुन सुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाले करार सेवामा लिई काम काज लगाउन बाधा पर्ने छैन।

८. **खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरुः** नगर प्रहरीको खुल्ला प्रतियोगितामा देहाय वमोजिमको योग्यता पुगेका व्यक्ति उमेदवार हुन पाउने छनः

क) नगर प्रहरी सहायक निरीक्षकको पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसूची-१ बमोजिम हुनेछ ।

ख) नगर प्रहरी वरिष्ठ हवलदार/हवलदार पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसूची-२ वमोजिम हुनेछ ।

ग) नगर प्रहरी जवान र नगर प्रहरी सहयोगीको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसुची-३ वमोजिम हुनेछ ।

घ) देवताल गाउँपालिकामा सेवा करारमा कार्यरत कर्मचारीलाई नगर प्रहरी सेवाको लागि विशेष प्राथमिकता दिइनेछ।



कृष्ण नन्दन राय
प्रमुख प्रशासकिय अधिकृत

ङ) नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भई सकेको हकमा यस देवताल गाउँपालिकाबाट नगरी प्रहरी पदपूर्ति गर्ने गरिएको विज्ञापनमा वा पछि हुने विज्ञापन समेतमा आवश्यक नगर प्रहरीको संख्यामा ७ जना भन्दा बढी नबढने गरी पदपूर्ति गरिनेछ।

९. **पदपुर्ति समितिको काम, कर्तव्य र अधिकारः** (१) पदपुर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ।

क) पाठ्यक्रम तर्जुमा, हेरफेर तथा परिमार्जन गर्ने।

ख) पदपुर्ति कार्यतालिका बनाउने

ग) परीक्षाको किसिम तोक्ने

घ) विज्ञापन प्रकाशन गर्ने

ङ) शारीरिक तन्दुरुस्ती परिक्षा सञ्चालन गरी लिखित परिक्षाको लागी संख्या निर्धारण गरी नतिजा प्रकाशन गर्ने।

च) नियुक्तिको लागि सिफारिस गर्ने।

१०. **विज्ञापन प्रकाशनः** पदपुर्ति समितिले पदपुर्तिको लागि विज्ञापन प्रकाशन गर्दा दैनिक पत्रिकामा कम्तिमा १५ दिनको दरखास्त दिन सक्ने समयावधी राखेर देहायको विषय समेत खुलाई विज्ञापन प्रकाशन गर्नुपर्नेछ ।पदपूर्तिको म्याद थप गर्ने अधिकार प्रमुख प्रशासकिय अधिकृतको हुनेछ। साथै सो सूचना कार्यालयको सूचनापाटी, वेबसाईट तथा अन्य कुनै सार्वजनिक स्थलमा समेत टाँस गर्नुपर्ने छ।

क) पदको नाम,

ख)आवश्यक संख्या (पुरुष र महिला संख्या समेत खुलाउनु पर्ने,

ग)दरखास्त दिने म्याद र स्थान,

घ)दरखास्त दस्तुर,

ङ)आवश्यक न्युनतम शैक्षिक योग्यता,

च)पेश गर्नु पर्ने आवश्यक प्रमाणहरु,

छ)सम्पर्क मिति र स्थान,

ज)परीक्षाको तरिका र किसिम

झ)अन्य शर्तहरु

११. **दरखास्त फाराम र प्रवेश पत्रको ढाँचाः**

१) दरखास्त फाराम देवताल गाउँपालिकाको करार कर्मचारी भर्नाको फाराम हुनेछ ।आवेदन दस्तुर गाउँपालिकाबाट निर्धारण गरे बमोजिम हुनेछ ।



कृष्ण नन्दन राय
प्रमुख प्रशासकिय अधिकृत

२) उम्मेदवारले प्रवेश पत्र हराएमा निजसंग तोकिएको शुल्क तिराई प्रवेश पत्रको प्रतिलिपी उपलब्ध गराइनेछ ।

१२. परीक्षा संचालनः

नगर प्रहरी कर्मचारीको परीक्षा संचालन देहाय अनुसार हुनेछ।

१. प्रथम चरणः साधारण स्वास्थ्य परिक्षण, शारिरिक परीक्षण तथा शारिरिक तन्दुरुस्ती परीक्षण -५० पूर्णाङ्क

२. द्वितीय चरणः  लिखित परीक्षा — १०० पूर्णाङ्क

३. तृतीय चरणः अन्तरवार्ता परीक्षा — २५ पूर्णाङ्क

क) प्रत्येक चरणको परीक्षा छुटाछुटै हुनेछ । पहिलो चरणको शारिरिक परीक्षाणमा छनौट भएका उम्मेदवारलाई मात्र शारिरिक तन्दुरुस्ती परीक्षामा भाग लिन पाउनेछ।

ख) पहिलो चरणको परीक्षामा छनौट भएको उम्मेदवारहरुलाई द्वितीय चरणमा सम्मिलित गराइनेछ।

ग) द्वितीय चरणको परीक्षामा छनौट भएको उम्मेदवारहरुलाई तृतीय चरणको परीक्षामा सम्मिलित गराइनेछ।

घ) प्रथम चरणको शारिरिक तन्दरुस्ती परीक्षणको अङ्क, द्वितीय चरणको लिखित परीक्षाको अङ्क र अन्तरवार्ताको अङ्क जोडी योग्यताक्रम अनुसार अन्तिम नतिजा प्रकाशन गरिनेछ।

ङ) लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ।

अ. **शारिरिक परीक्षणः-** शारिरिक परिक्षण अनुसूची -१ बमोजिम हुनेछ।

आ. **साधारण स्वास्थ्य परीक्षणः** तपसिल बमोजिमका साधारण वियरिङ्गमा उतिर्ण भएका उम्मेदवारहरु साधारण स्वास्थ्य परीक्षण उतिर्ण भएको मानिनेछ। अंगभंग/हात खुट्टा र औलाहरु ठिक भएको, घुडा Knee Lock अथवा Ricket धेरै चेप्टा पैताला नभएको, प्रष्ट बोली भएको/भकभके नहुने, लठयौरो नहुने, ढाड कुप्रो नभएको, शिरिर पुरा झुकाउन सक्ने, जिउ कोल्टे नपरेको, दुवी नभएको, उचाई अनुसार हुनु पर्ने तौल भन्दा बढी तौल नभएको, आँखा डेढो नभएको, शरिर मोटो  तर हात खुट्टा झिनो नदेखिने, शरिर नपोलेको, नशा नफुलेको वा भेरिकोष नभएको।



कृष्ण नन्दन राय
प्रमुख प्रशासकिय अधिकृत

शारिरिक तन्दुरुस्ती परीक्षाः

| क.सं. | परीक्षाका इभेन्टहरु | पूर्णाङ्क | आवश्यक पर्ने न्यूनतम क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|
| १ | १०० मिटर दौड | १० | न्यूनतम २२ सेकेन्ड भित्र | प्रतिस्पर्धाको आधारमा श्रेणीको तय देवताल नगर प्रहरी पदपूर्ति समितिले गर्नेछ। |
| २ | लङ्ग जम्प | ५ | न्यूनतम ९ फिट | |
| ३ | हाई जम्प | ५ | न्यूनतम २ फिट | |
| ४ | सिट अप | ५ | न्यूनतम ५ पटक | |
| ५ | चिन अप | ५ | न्यूनतम १ पटक | |
| ६ | पुस अप | ५ | न्यूनतम ४ पटक | |
| ७ | ५०० मिटर दौड | १५ | न्यूनतम ३.३५ मिनेट भित्र | |

इ. लिखित परीक्षाः-

क. नगर प्रहरी जवान तथा नगर प्रहरी सहयोगीको हकमा लिखित परीक्षा हुने छैन। अर्थात साक्षरतालाई मध्य नजर गरिनेछ।

ख. नगर प्रहरी हवालदार/वरिष्ठ हवलदार र नगर प्रहरी सहायक निरिक्षकको हकमा अनुसूची -४ बमोजिमको पाठ्यक्रम अनुसार परीक्षा संचालन हुनेछ।

ग. नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भई सकेको हकमा लिखित परीक्षा हुने छैन। अर्थात अन्तरवार्ता परीक्षाबाट मात्र छनौट गरिनेछ।

१३. नतिजा प्रकाशनः

१) उम्मेदवारले प्रथम परीक्षा दिए पश्चात सो को नतिजा प्रकाशन गरेर प्रकाशित नतिजा अनुसार अर्को परीक्षामा सामेल हुन पाउनेछन् ।



कृष्ण नन्दन राय
प्रमुख प्रशासकिय अधिकृत

२) उम्मेदवारको लागि तय गरिएको अन्तिम प्रकारको परीक्षा अधिको नतिजा प्रकाशन गर्दा आवश्यक माग संख्या भन्दा बढी हुने गरी उत्तीर्ण भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गरिनेछ ।

३) पदपुर्ति समितिले अन्तिम प्रकारको परीक्षा संचालन पश्चात नतिजा प्रकाशन गर्दा वैकल्पिक उम्मेदवारको रुपमा आवश्यक माग संख्यामा उत्तीर्ण बाहेक आवश्यक संख्यमा वैकल्पिक उत्तीर्ण उम्मेदवार हुने गरी नतिजा प्रकाशन गरिनेछ ।

४) वैकल्पिक उम्मेदवारहरुको सूची एक महिना सम्मको लागि मान्य हुनेछ त्यस पश्चात सूची स्वतः खारेज हुनेछ ।

५) पदपुर्ति समितिले अन्तिम नतिजा प्रकाशन पश्चात उम्मेदवारहरुको करारको लागि अख्तियारवाला समक्ष सिफारिस गर्नेछ ।

६) करार गर्ने अधिकारीले सफल उम्मेदवारहरुलाई अनुमोदन भएको १५ दिन भित्र करार सम्झौता गरी सक्नु पर्नेछ।

## परिच्छेद-५
## विदा

**१४. विदाः** (१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दाबी गर्न पाउने छैन।

(२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजविजबाट विदा दिन अथवा नदिन पनि सक्ने छ। साथै आवश्यक परेमा विदामा बसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्ने छ।

(३) विदाको किसिमहरुः (१) नगर प्रहरीले देहाय वमोजिमका विदा पाउने छन।

(क) भैपरी आउने विदा र पर्व विदा

(ख) क्रिया विदा

(ग) प्रसुति विदा

(घ) बिरामी विदा

**१५. बिदा स्वीकृत नगराई घर बस्ने नगर प्रहरी कर्मचारीलाई सेवा बाट हटाउनेः** (१) यस ऐन बमोजिम विदा स्वीकृत नगराई बस्ने नगर प्रहरी कर्मचारी कार्यलयमा हाजिरी हुन पाउने छैन।

(२) उपदफा (१) को उलंघन गर्ने नगर प्रहरीलाई सेवा बाट हटाउन सक्ने छ।

**१६. पर्व, भैपरी विदाः** (१) नगर प्रहरी कर्मचारीले प्रत्येक वर्ष भैपरी र पर्व गरी १२ दिन विदा पाउने छ।



कृष्ण [illegible]
प्रमुख प्रशासकिय अधिकृत

(२) भैपरी आउने विदा साधारणतः १ पटकमा २ दिन नबढाई लिन पाईने छैन।

(३) एक आर्थिक वर्षको पर्व, भैपरी आउने विदा अर्को आर्थिक वर्षलाई सञ्चित हुने छैन।

(४) पर्व, भैपरी विदा बसेका नगर प्रहरी कर्मचारीहरुले पुरा तलब भत्ता पाउने छन।

(५) पर्व, भैपरी विदा शनिवार वाहेक अरु विदाहरु सँग मिलाइ लिन पाइने छैन।

१७.**क्रिया विदाः** (१) नगर प्रहरी कर्मचारीले आफै क्रियामा बस्नु परेमा कुल, धर्म र परम्परागत संस्कार अनुसार बढिमा १५ दिन क्रिया विदा पाउने छन। त्यस्तो विदा महिला नगर प्रहरी कर्मचारीलाई पनि दिइनेछ।

(२) यस्तो क्रिया विदा बस्ने नगर प्रहरी कर्मचारीले पुरा तलव भत्ता पाउने छन।

१८.**प्रसूति विदाः** (१) महिला नगर प्रहरी कर्मचारी गर्भवति भएमा निजले सुत्केरीको अघि पछि वा पछि गरी ९८ दिन प्रसुति विदा पाउने छन।

(२) प्रसुति विदा बस्ने महिला नगर प्रहरी कर्मचारीले पुरा तलव र भत्ता पाउने छन।

(३) प्रसुति विदा सेवा अवधिभर २ पटक मात्र दिइने छ।

१९.**विरामी बिदाः** नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिन विरामी बिदा पाउने छन।

२०.**विदा दिने अधिकारीः** नगर प्रहरीलाई दिने सम्पुर्ण विदाहरु प्रमुख प्रशासकीय अधिकृत/कर्मचारी प्रशासन शाखाले स्वीकृत गर्ने छ।

२१. **कार्यालयमा अनुपस्थित हुने उपर कारवाहीः** विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलब कट्टि गरी विभागिय सजाय समेत गर्न सक्ने छ। यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन।

२२. **विदाको अभिलेखः** विदा दिने अधिकारीले आफ्नो मातहतका सवै नगर प्रहरी कर्मचारीको विदाको अभिलेख किताव खडा गरी लगत राख्ने र प्रशासन शाखालाई १५ दिन भित्र अनिवार्य लिखित जानकारी दिनु पर्ने छ।

## अनुच्छेद -६

## आचरण

२३. **दान उपहार लिन नहुनेः** नगर प्रहरीले गाउँपालिकाको पूर्व स्वीकृति बिना स्वदेशी तथा विदेशी संघ संस्था, निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बकस, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नु हुँदैन।



कृष्ण नन्दन राय
प्रमुख प्रशासकिय अधिकृत

२४. **चन्दा लिन नहुनेः** कुनै नगर प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिनु हुँदैन।

२५. **सम्पतिको विवरण पेश गर्नपर्नेः** नगर प्रहरी कर्मचारीले गाउँपालिकाको नियुक्ति भएको मितिले २ महिना भित्र तोकिएको ढाँचामा सम्पति विवरण पेश गर्नु पर्नेछ।

२६. **व्यापार व्यवसाय गर्न नहुनेः** नगर प्रहरी कर्मचारीले कार्यालयको पूर्वस्वीकृती वेगर कुनै पनि व्यवसाय गर्नु हुदैन।

२७. **कर्तव्य पालनाको शिलशिलामा जानकारीमा आएका कुराहरु प्रकाशन गर्न नहुनेः** नगर प्रहरी कर्मचारीले गाउँपालिकाद्वारा अथवा विषयमा अख्तियार नपाई आपनो कर्तव्य पालना गर्दा स्थानीय तह वा गैहसरकारी संघ संस्थावाट प्राप्त गरेका वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजात वा सामाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपवाट यस ऐन बमोजिम अधिकार प्राप्त बाहेक अन्य व्यक्ति वा संस्थालाई जानकारी गराउनु हुँदैन।

२८. **रेडियो वा पत्रिका संग सम्पर्क राख्न नहुनेः**

१) नगर प्रहरी कर्मचारीले गाउँपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफैले वास्तविक अथवा काल्पनिक नामवाट अथवा वेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्वारा प्रसारण गर्न हुँदैन। तर त्यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्ता स्वीकृति लिइरहनु पर्दैन।

२) उपदफा १) बमोजिमको प्रकाशन वा प्रशारण पश्चात आफ्नो संगठनलाई सोको पूर्ण विवरण वारे जानकारी गराउन पर्छ.।

२९. गाउँपालिकाको आलोचना नगर प्रहरी कर्मचारीले गाउँपालिकाको नीतिको विपरित अथवा गाउँपालिका र गाउँपालिकामा आच आउने गरी विचार व्यक्त गर्ने, सम्वाद लेख रचना प्रकाशन गर्ने गर्नु हुँदैन ।

३०. **निर्वाचनमा भाग लिन नहुनेः** नगर पारी कर्मचारी कुनै पनि राजनीतिक दलको निर्वाचनमा भाग लिन वा मत माग्न वा कुनै प्रकारले प्रभाव पार्न हुँदैन । तर कसैलाई मत दिएको वा दिनेविचार गरेको कुरा प्रकट नगरी प्रचलित काननुवमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

३१. **राजनीतिमा भाग लिन नहुनेः** नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्वन्धीत संस्थाको सदस्य वन्न, राजनीतिमा भाग लिन, राजनैतिक सम्धालाई चन्दा दिन अथवा कनै राजनैतिक संस्था वा आन्दोलनलाई सहयोग गर्न हुदैन।

३२. **समय पालन र नियमितताः** नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हनु पर्दछ र स्वीकृत गराएर मात्र विदामा वस्नु पर्नेछ।

३३. **अनुशासन र आज्ञापालनः** नगर प्रहरीको अनुशासन आज्ञापालन देहाय वमोजिम हुनेछः



कृष्ण नन्दन राय
प्रमुख प्रशासकिय अधिकृत

क) नगर प्रहरी कर्मचारीले अनुशासित भई तत्परताका साथ आफ्ने कर्तव्य पालना गर्नुपर्नेछ ।

ख) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको कामसम्बन्धी कुरामा आफुभन्दा माथिका अधिकृतले दिएको आदेश लाई पालना गर्नु पर्नेछ ।

ग) नगर प्रहरी कर्मचारीले chain of command मा रही कार्यसम्पादन गर्नु पर्नेछ ।

**३४. बाहिरी प्रभाव पार्न नहुनेः** नगर प्रहरी कर्मचारीले कार्यसम्पादनको सिलसिलामा कुनै अनुचित प्रभाव पार्न वा पार्ने प्रयत्नन गर्नु हुँदैन।

**३५. लैगिक संवेदनशिल हुनु पर्नेः** कुनै पनि नगर पहरी कर्मचारी संवेदनशिल रहनु पर्नेछ।

**३६. हातपात वा जोरजुलुम गर्न नहुनेः** कुनै पनि नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिल्लो वा मातहत नगर प्रहरी कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन हुँदैन ।

## परिच्छेद -७

## सजाय र पुनरावेदन

**३७.सजायः** उचित र प्राप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिने छ।

(क) नसिहत दिने।

(ख) शारिरिक थकाई हुने (फटिक) सजाय गर्ने

(ख) तलव वृद्धि रोक्का गर्ने।

(ग) तल्लो तहमा घटुवा गर्ने।

(घ) लापरवाही गरी गाउँपालिकालाई नोक्सानी भएमा सम्पुर्ण वा आंशिक रुपमा तलव भत्ता वाट कट्टि गरी अशुल गरिने।

(ङ) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरीने गरी नोकरीवाट वर्खास्त गरीने।

(च) भविष्यमा स्थानीय तहमा अयोग्य ठहरीने गरी नोकरीवाट वर्खास्त गर्ने।

**३८.नसिहत दिनेः** (१) गाउँपालिका अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृतले दिएको आदेशको अवज्ञा गर्ने वा तोके वमोजिमको आफ्नो काम कर्तव्य पुरा नगर्ने नगर प्रहरी कर्मचारीलाई नसिहत दिइने छ।

(२) उपदफा (१) वमोजिम १ वर्षमा ३ पटक भन्दा वढि नसिहत पाइएका नगर प्रहरी कर्मचारीलाइ प्रक्रिया पुरा गरी सेवा वाट हटाइने छ।

**३९.तलब बढुवा रोक्नेः** नगर प्रहरी कर्मचारीको काम सन्तोष जनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलव वा पदोन्नती रोक्का गर्न सक्ने छ।

**४०.तह र तलब घटाउनेः** (१) कुनै नगर प्रहरी कर्मचारीले देहाय वमोजिमको कसुर गरेमा निजलाई



कृष्ण नन्दन राय
प्रमुख प्रशासकिय अधिकृत

१ तह घटुवा गरी सोहि घटुवा भएको तहको तलव भत्ता उपलब्ध गराईने छ।

(क) सन्तोषजनक काम नगरेमा

(ख) अनुशासन हिनत गरेमा

(ग) आचरण सम्वन्धी ऐन उल्लंघन गरेमा

(घ) गाउँपालिकाले दिइएको आदेश निर्देशन नमानेमा वा कार्यन्वयन नगरेमा

(ङ) मनासिव कारण विना वा बिदा स्वीकृत नगराई विदामा बसेमा

(च) तोकिए बमोजिमको जिम्मेवारीमा लापरवाही गरेमा वा पुरा नगरेमा।

**४१. सेवा वाट हटाउने वा वर्खास्त गरिने:** (१) नगर प्रहरी कर्मचारीले देहायका वमोजिमको कसुर गरेमा सेवा वाट हटाउन वा वर्खास्त गर्न सक्ने छ।

(क) अयोग्यताको कारणले आफ्नो पदिय जिम्मेवारी पुरा गर्न नसकेमा

(ख) राजनितिकमा भाग लिएमा

(ग) वारम्वार अनुशासन हिन काम गरेमा

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालत वाट अपराधि प्रमाणित भएमा

(ङ) कार्यालय समयमा मादक पदार्थ सेवन गरी हिडेमा

(च) प्रचलित कानून बमोजिम भ्रष्टाचारजन्य कसूर गरेमा

(छ) पदिय जिम्मेवारी अनुसारको आचरण नगरेमा

(ज) आचरण सम्बन्धी नियमहरु पटक पटक उल्लंघन गरेमा।

**४२. सजाय सम्बन्धी कार्यबिधिः** (१) गाउँपालिका अध्यक्षको सल्लाह लिई नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने गराउन आदेश दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ।

(२) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कार्वाही गर्न लागीएको विषय र सजाय स्पष्ट खुलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ। यस्तो सफाइ पेश गर्ने आदेश दिदाँ लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ। त्यस्तो नगर प्रहरी कर्मचारलीलाई सजाय गर्ने अधिकारीले तोकिएको म्याद भित्र आफ्नो सफाई र प्रस्तावित सजायको लिखित रुपमा स्पष्टिकरण पेश गर्नु पर्ने छ। तर भागी पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्बन्धमा यस ऐन, बमोजिमको ऐन रित पुन्याउनु पर्ने छैन।



कृष्ण नन्दन ...
प्रमुख प्रशासकिय अधिकृत

(३) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधि प्रमाणीत भई सकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनु पर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचना सम्म दिनु पर्ने छ।

(४) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेश गर्न मौका दिनु पर्ने छैन।

(५) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयंम वा अन्य कुनै अधिकारी द्वारा जाँचबुझ गराउन सक्ने छ। जाँचबुझ गर्ने अधिकारीले आवश्यकता अनुसार सम्बन्धीत नगर प्रहरी कर्मचारी समेत बुझि कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुत प्रमाण दाखिला गर्नु पर्ने छ।

(६) कुनै फौजदारी अभियोगमा गिरफतार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्वित हुने छ। तर

क) निलम्वित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाइ पाएमा निजले स्वअधिको चौथाई तलव पाएको भए सो कट्टा गरी नपाइएको भय पुरै तलव वृद्धि हुने भएमा सो समेत पाउने छ। कसुरदार ठहरीएमा निलम्वन भएका मिति देखिको बाँकी तलव भत्ता पाउने छैन।

(ख) कुनै कर्मचारी गाउँपालिकाको कामको सम्वन्धमा वा नेपाल सरकारबाट भएको कार्वाहीको शिलसिलामा निलम्वन भएको नभइ अरु कुनै कारण बाट निलम्वन रहन गएको रहेछ भने त्यसरी निलम्वन रहेको अवधिको तलव भत्ता पाउने छैन।

४३. **सजायको आदेश दिनेः** जाँचबुझको काम समास भए पछि सम्बन्धीत नगर प्रहरी कर्मचारीलाई स्पष्टिकरण माग गरेको, तोकिएको समय भित्र स्पष्टिकरण नदिएमा स्पष्टिकरण सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्ने छ र सजायको आदेश एक प्रति निजलाई दिनु पर्ने छ।

## परिच्छेद -८
## उपचार खर्च सम्बन्धी व्यवस्था

४४. **उपचार खर्चः** (१) नगर प्रहरी कर्मचारी कामकाजका शिलशिलामा विरामी भएमा औषधी उपचारका लागी देहाय बमोजिम भएको खर्चको रकम गाउँपालिकाले उपचार खर्च वापत दिइनेछ।



कृष्ण नन्दन राय
प्रमुख प्रशासकिय अधिकृत

(क) अस्पतालमा उपचार गराउँदा लागेको बिल बमोजिमको रकम र मान्यता प्राप्त अस्पतालको चिकित्सकले सिफारिस गरे वमोजिमको औषधि खर्च दिइनेछ।

(ख) प्लाष्टिक सर्जरी र सरकारी अस्पतालमा अप्रेशन गर्दा लागेको बिल बमोजिमको रकम दिइनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगर प्रहरी कर्मचारीलाइ सेवा अवधिभरमा १२ महिना वराबरको तलव रकम एकमुष्ट उपचार खर्च वापत दिइने छ। यसरी उपलब्ध गराइने रकम सेवा बाट अवकास हुदाँको बखत उपलब्ध गराइने छ।

(३) झुट्टा विवरण पेश गरी यस ऐंन बमोजिम उपचार खर्च माग गर्ने वा लिने नगर प्रहरी कर्मचारी उपर विभागिय कार्बाही गरीने छ। त्यसरी उपचार खर्च लिइ सकेको भए सो रकम समेत सरकारी बाँकी सरह अशुल उपर गरिने छ।

## परिच्छेद ९

## तलव भत्ता

४५. तलव भत्ताः (१) नगर प्रहरी कर्मचारीले नियूक्ति भएको मिति देखी तलव भत्ता पाउने छन।

(२) उपदफा १ वमोजिमको तलव भत्ता रकम रु १८००० भन्दा कम नघटने गरी गाउँ सभाले तोके बमोजिम हुनेछ।

४६. तलब वृद्धिः (१) नगर प्रहरी कर्मचारीको तलव भत्ता वृद्धि गाउँ सभाको निर्णय वमोजिम हुनेछ।

## तालिम

## परिच्छेद १०

४७. तालिमको व्यवस्थाः (१) नयाँ नियुक्ति हुने नगर प्रहरी कर्मचारीलाई वढिमा १५ दिनको तालिम लिई काम काजमा खटाइने छ।

(२) उपदफा (१) बमोजिमको तालिम पाठ्यक्रम र विधि तोकिय वमोजिम हुने छ।

## परिच्छेद ११

## पोषाक सम्बन्धी व्यवस्था

४८. पोषाक भत्ताः (१) नगर प्रहरीको पोषाकको रङ वा किसिम र अन्य विवरण गाउँ सभाले तोके बमोजिम हुनेछ।

(२) नगर प्रहरी कर्मचारीलाई तोकिए बमोजिमको तयारी पोशाक कार्यालयले उपलब्ध गराउनेछ।



कृष्ण नन्दन राय
प्रमुख प्रशासकिय अधिकृत

(३) प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक कार्यालयले उपलब्ध गराउनेछ।

## परिच्छेद १२
## विविध

४९. **सेवा करार सम्वन्धमाः** (१) यस ऐनमा जुन सुकै कुरा लेखिएको भए तापनिनगर प्रहरीको नियुक्ति अति आवश्यक देखिएमा करार सेवामा गाउँपालिकाले नगर प्रहरी नियुक्ति गर्न कुनै बाधा पर्ने छैन।

(२) उपदफा (१) बमोजिम नियुक्ति गरीने नगर प्रहरी सेवा सुविधा लगायतका विषय करार सम्झौतामा उल्लेख भए बमोजिम हुने छ।

५०. **अनिवार्य अवकाशः** नगर प्रहरी कर्मचारीलाई देहाय बमोजिम उमेर हदको कारण अनिवार्य अवकाश हुनेछ।

क) नगर प्रहरी सहायक निरिक्षक- ६० वर्ष पुरा भएमा

ख) नगर प्रहरी बरिष्ट हवलदार - ६० वर्ष पुरा भएमा

ग) नगर प्रहरी हवलदार - ६० वर्ष पुरा भएमा

घ) नगर प्रहरी जवान - ४५ वर्ष पुरा भएमा।

ङ) नगर प्रहरी सहयोगी - ५५ वर्ष पुरा भएमा।

५१. **पुरस्कार तथा प्रोत्साहनः** देवताल गाउँपालिकाका पदाधिकारीहरुले आफू र मातहतका कर्मचारीहरुले कर्तव्य पालनको शिलशिलामा उल्लेखनिय प्रशंसनीय कार्य गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार तथा प्रोत्साहन स्वरुप रकम/सामाग्री वा अन्य सुविधा उपलब्ध गराउन सकिनेछ।

५२. **चाड पर्व खर्च पाउनेः** नगर प्रहरी कर्मचारीलाई वर्षम १ पटक कार्यालयको निर्णय बमोजिम चाड पर्व खर्च उपलब्ध गराइनेछ।

५३. **खाना/खाजा व्यवस्थाः** कार्यभारलाई मध्य नजर राखि आवश्यकता अनुसार खाना/खाजाको व्यवस्था कार्यालयले गर्नेछ।

५४. **सवारी साधन व्यवस्थाः** कार्यभारलाई मध्य नजर राखि आवश्यक्ता अनुसार सवारी साधनको व्यवस्था कार्यालयले गर्ने छ।



कृष्ण नन्दन राय
प्रमुख प्रशासकिय अधिकृत

**५५. बाधा अड्काउ फुकाउः** नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सविधा र संचालन यस ऐन मा व्यवस्था भएकोमा यसै ऐन बमोजिम हुनेछ । यस ऐनमा व्यवस्था नभएका विषयहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**५६. ऐन संशोधनः** यस ऐनको आवश्यक संशोधन गर्नुपर्ने भएमा देवताल गाउँ सभाले गर्न सकिनेछ।

**५७. नियम तथा कार्यविधि बनाउन सक्नेः** यस ऐन बमोजिम गाउँ कार्यपालिकाले आवश्यक नियम तथा कार्यविधि बनाइ लागु गर्न सक्नेछ।

कृष्ण नन्दन राय
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची-१

(दफा ८ (क) बमोजिम)

**नगर प्रहरी सहायक निरीक्षकको पदको लागि आवश्यक न्यूनतम योग्यता**

क) दरखास्त फारम दर्ता गर्ने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको । वहालवाला नगर प्रहरीको हकमा हकमा ४५ वर्ष ननाघेको ।

ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको ।

ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

घ) कुनै राजनीतिक दलको सदस्य नरहेको ।

ङ) मानव अधिकार र मानवीय कानुनको उल्लंघनमा सजाय नपाएको ।

च) पुरुपको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति ३१-३३, तौल ५० के.जी. भएको।

छ) महिलाको हकमा घटीमा उचाई ५ फिट भील ४२ के.जी, भएको ।

ज) आँखा माइनस २ वा प्लस २ भन्दा चही कमजोर नभएको ।

झ) रंग पहिचान(Colour Vision Test) सम्बन्धी दोष नभएको।

ञ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राम गरेको ।

ट) नेपाली नागरिकता प्रमाणपत्र भएको ।

ठ) विध्वशात्मक कार्यमा संलग्न नररको ।

ड) भविष्यमा सामान्यतया सरकारी नोकरी निमिन अयोग्य जरिने गरि नोकरी वाट वर्खास्त नभएको ।

यस अनसूची (क) मा जुनसुकै करा लेखिएको भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भई सकेको हकमा ५० वर्ष उमेर ननाघेको हुनुपर्नेछ ।

कृष्ण नन्दन साह
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची-२

(दफा ८ (ख) बमोजिम)

नगर प्रहरी वरिष्ट हवलदार/हवलदार पदको लागि आवश्यक न्यूनतम योग्यता

क) दरखास्त फारम दर्ता गर्ने अन्तिम मिति सम्म १८ वर्ष उमर पुरा भई ३७ वर्ष ननाघेको । वहालवाला नगर प्रहरीको हकमा हकमा ४० वर्ष ननाघेको ।

ख) मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तिमा SLC/SEE वा सो सरह उर्तिण गरेको

ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

घ) कुनै राजनीतिक दलको सदस्य नरहेको ।

ङ) मानव अधिकार र मानवीय कानुनको उल्लंघनमा सजाय नपाएको ।

च) पुरुपको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति ३१-३३, तौल ५० के.जी. भएको।

छ) महिलाको हकमा घटीमा उवाई ५ फिट भील ४२ के.जी, भएको ।

ज) आँखा माइनस २ वा प्लस २ भन्दा चही कमजोर नभएको ।

झ) रंग पहिचान (Colour Vision Test) सम्वन्धी दोष नभएको।

ञ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

ट) नेपाली नागरिकता प्रमाणपत्र भएको ।

ठ) विध्वशात्मक कार्यमा संलग्न नररको ।

ड) भविष्यमा सामान्यतया सरकारी नोकरी निमिन अयोग्य जरिने गरि नोकरी वाट वर्खास्त नभएको ।

यस अनसूची (क) मा जुनसुकै करा लेखिएको भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भई सकेको हकमा ५० वर्ष उमेर ननाघेको हुनुपर्नेछ ।

कृष्ण नन्दन राय
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची-३

(दफा ८ (ग) बमोजिम)

**नगर प्रहरी जवान तथा नगर प्रहरी सहयोगी पदको लागि आवश्यक न्यूनतम योग्यता**

क) दरखास्त फारम दर्ता गर्ने अन्तिम मिति सम्म १८ वर्ष उमर पुरा भई ३५ वर्ष ननाघेको । नगर प्रहरी सहयोगी पदको को हकमा ४० वर्ष ननाघेको

ख) जवान पदको हकमा साधारण(साक्षर) लेखपढ गर्न सक्ने।

ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

घ) कुनै राजनीतिक दलको सदस्य नरहेको ।

ङ) मानव अधिकार र मानवीय कानुनको उल्लंघनमा सजाय नपाएको ।

च) पुरुपको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति ३१-३३, तौल ५० के.जी. भएको।

छ) महिलाको हकमा घटीमा उचाई ५ फिट भील ४२ के.जी, भएको ।

ज) आँखा माइनस २ वा प्लस २ भन्दा चही कमजोर नभएको ।

झ) रंग पहिचान (Colour Vision Test) सम्वन्धी दोप नभएको।

ञ) नेपाल सरकारको सरकारी अस्पतालवाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

ट) नेपाली नागरिकता प्रमाणपत्र भएको ।

ठ) विध्वशात्मक कार्यमा संलग्न नररको ।

ड़) भविष्यमा सामान्यतया सरकारी नोकरी निमिन अयोग्य जरिने गरि नोकरी वाट वर्खास्त नभएको ।

यस अनसूची (क) मा जुनसुकै करा लेखिएको भएतापनि नेपाल सरकारको सुरक्षा निकायवाट सेवा निवृत भई सकेको हकमा ४० वर्ष उमेर ननाघेको हुनुपर्नेछ ।

कृष्ण नन्दन राय
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची-४

(दफा १२ ङ(ख) बमोजिम)

(नगर प्रहरी सहायक निरिक्षक र हवलदार/बरिष्ठ हवलदार)

द्वितीय चरणः लिखित परीक्षाको पाठ्यक्रम

पूर्णाङ्क १००
उत्तिर्णाङ्क-४०
समयः २ घण्टा

## खण्ड 'क' नेपाली २० अंक

**१. नेपाली लेखन** — **संक्षिप्त उत्तर (२ प्रश्न ×५ अङ्क = १०)**

क) अनुच्छेद लेखन

ख) निवन्ध लेखन आधारभूत तह सम्मका लागि उपयुक्त हुने सरल प्रकारको कुनै दुई शीर्षक मध्ये एक विषयमा कम्तीमा १०० शव्द नघटाई निवन्ध लेखन ।

ग) चिठ्ठी वा निवेदन लेखन आधारभूत तह सम्मका लागि प्रयोजनको लागि चिठ्ठी वा निवेदन लेखन ।

**२. नेपाली व्याकरण** — **छोटो उत्तर (५ प्रश्न ×२ अङ्क = १०)**

क) सामान्य नेपाली व्याकरण (नाम उपयुक्त हुने सरल प्रकारको सर्वनाम करण, अकरण र लिङ्ग परिवर्तन सम्वन्धी सामान्य जानकारी

ख) शव्दार्थ (प्रचलिन नेपाली शव्दको अर्थ)

ग) वाक्यमा प्रयोग (प्रचलित शव्दको वाक्यमा प्रयोग।

घ) विपरीतार्थक शव्द प्रचलित शव्दको विपरित अर्थ

ङ) शुद्ध लेखन (अशुद्ध गरी लेखिएको सामान्य किसिमको वाक्यलाई शुद्ध गरी लेख्ने।

## खण्ड 'ख' अंग्रेजी १० अङ्क

**Basic skill and knowledge in English** (५ प्रश्न ×१ अङ्क = ५ र १ प्रश्न × ५ अङ्क = ५ )

a) Translation (English to Nepali and Nepali to English)
b) Word Meaning
c) Matching different words according to their suitable words groups
d) Spelling Writing (two and three digit numbers)
e) Singular Plural (simple word)
f) Essay writing
g) Letter writing

कृष्ण नन्दन राय
प्रमुख प्रशासकिय अधिकृत

## खण्ड 'ग' गणित २० अङ्क

१. प्रथम खण्ड (२ प्रश्न ×२.५ अङ्क = ५)

क) जोड (ठाडो/तेर्सो तीन अंक सम्मको)

ख) घटाउ (ठाडी/तेर्सो तीन अंक सम्मको।

ग) गुणन

घ) भाग

ङ) अंक र अक्षरमा लेखन चार अंक सम्मको।

२. द्वितिय खण्ड (५ प्रश्न ×३ अङ्क = १५)

क) सरलीकरण (जोड, घटाउ, गुणन र भागको प्रयोग गरेर हल गर्न मिल्ने

ख) गणितीय शाब्दिक समस्या (जोड, घटाउ, गुणन र भागको प्रयोग गरेर हल गर्न गणितीय शाब्दिक समस्या।

ग) साधारण व्याज

घ) ऐकिक नियम

ङ) नाफा, नोकसान

## खण्ड 'घ' सामान्य ज्ञान सेवा सम्बन्धी तथा बौद्धिक परीक्षण ५० अङ्क

३. सामान्य ज्ञान (२० प्रश्न ×१ अङ्क = २०)

क. नेपालको इतिहास सम्वन्धी सामान्य जानकारी

- ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिले नेपालका महत्वपूर्ण स्थलहरु ।
- नेपालको आधुनिक इतिहास

ख. नेपालको भूगोल सम्वन्धी सामान्य ज्ञान

- क्षेत्रफल, सिमाना, भौगोलिक र राजनैतिक (संघ प्रदेश र स्थानीय) विभाजन
- नदी तथा हावापानीको आधारमा नेपाललाई विभाजन ।
- नेपालका प्रमुख शिखर, नदी, ताल, कुण्ड, भन्ज्याङ्ग र झरनाहरु ।
- नेपालमा पाईने वन तथा वनस्पति ।
- संरक्षित जनावर तथा जडिबुटी ।
- नेपालका राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्र ।

ग. नेपालमा प्रचलित धर्म नेपालका, भाषा, संस्कृति, जातजाती र जनसंख्या सम्वन्धी ज्ञान

घ. नेपालको वर्तमान संविधान (जारी मिति, भाग, धारा र अनुसूची, मौलिक हक)

ङ. महत्वपूर्ण समसामयिक राष्ट्रिय घटनाहरु (आर्थिक, सामाजिक, राजनैतिक)



कृष्ण नन्दन
प्रमुख प्रशासकिय अधिकृत

अ. नेपाल प्रहरी तथा स्थानीय सरकार सञ्चालन सम्बन्धी सामान्य जानकारी- २० अङ्क

१. नेपाल प्रहरी सम्बन्धी (१० प्रश्न ×१ अङ्क = १०)

- नेपाल प्रहरीको कार्यालयहरु ।
- नेपाल प्रहरीको पद तथा दर्जा ।
- प्रहरी नियमावली, २०७१ को प्रहरी कर्मचारीको काम कर्तव्य (नियम ६६), विदा सम्बन्धी (परिच्छेद ८), आचरण सम्बन्धी (परिच्छेद ९)
- ट्राफिक सम्बन्धी (ट्राफिक चिन्ह, सडक संकेत र ट्राफिक नियम)।

२. स्थानीय सरकार सञ्चालन सम्बन्धी (१० प्रश्न ×१ अङ्क = १०)

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नगरपालिका र वडा समितिको काम, कर्तव्य र अधिकार।
- देवताल गाउँपालिकाको देवताल नगर प्रहरी सम्बन्धी ऐन, २०८२

आ. बौद्धिक परीक्षण (आई. क्यू.) (१० प्रश्न ×१ अङ्क = १०)

- शाब्दिक अनुक्रम समरूपता वर्गीकरण, कोडिङ, डिकोडिङ, मिल्दो नमिल्दो छुट्टयाउने, दिशा, दुरी ज्ञान सम्बन्धी परीक्षण, मिरर इमेज, वाटर इमेज

४ चौथो चरणः अन्तरवार्ता परीक्षा-२५ अङ्क

आज्ञाले,
कृष्ण नन्दन राय
प्रमुख प्रशासकीय अधिकृत